कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निमित प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

यस कोहलपुर नगरपालिकामा आधुनिक बधशाला निर्माण गर्नका लागि ५ नं. प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवलको मिति २०७५ ०६ ०१ गते प्रकाशन भएको सुचना अनुसार पशु बधशाला स्थापना सहयोग तथा प्रवर्द्धन कार्यक्रमको लागि नगरपालिकाको तर्फबाट प्रस्तावना पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

बधशाला निर्माणको लागि कोहलपुर नगरपालिकाको संरक्षणमा रहेको वडा नं. १२ को तपसिलको चार किल्ला भित्र रहेको अंदाजी २ बिगाह जमिन उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :-**

पूर्व :- बिष्णु दर्लामीको जमिन

पश्चिम :- डुडुवा खोला

उत्तर :- पदम टमटाको जमिन

दक्षिण :- खगिसरा आलेको जमिन र सार्वजनिक कुलो

**निर्णय नं. ३**

कोहलपुर नगरपालिकामा बाल अस्पताल निर्माणको लागि आवश्यक भएको र वडा नं. २ वडा समितिबाट अस्पतालको संरचना निर्माणको लागि जग्गा उपलब्ध गराउने निर्णय भएकोले अस्पताल निर्माणको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिकामा "घ" वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र प्राप्तका लागि रित पूर्वक आवेदन प्राप्त भएका तपसिका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र दिने निर्णय गरियो ।

**तपसिल:-**

क) शोभा लक्ष्मी कन्स्ट्रक्सन - कोहलपुर, ११

ख) एस.एण्ड एस. कन्स्ट्रक्सन - कोहलपुर, ११

ग) रुपा कन्स्ट्रक्सन - कोहलपुर, १२

**निर्णय नं. ५**

यस नगरपालिकामा महिलाहरुको लागि विल्डिङ्ग इलेक्ट्रिसियन र मोबाइल मर्मत बिषयमा तालिम संचालनको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिका अर्न्तगत रहेको वडा नं. ६ को वडा कार्यालयको जग्गा विवाद सम्बन्धी मुद्दामा बहस गरे बापत अधिवक्ता पारस चौधरीलाई प्रचलित कानुन अनुसार करकट्टी गरी परामर्शसेवाबाट रु.४००००। अक्षरेपी चालिस हजार पारिश्रमिक दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निमित प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निमित प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

गत आ.व २०७४ ०७५ मा यस नगरपालिकाबाट बाढी पिडितले राहात लिन छुट रहेको हुंदा वडा नं. १ को परिवार संख्या १० जना, वडा नं. २ को परिवार संख्या ४ जना, वडा नं. ३ को परिवार संख्या १६ जना, वडा नं. ४ को परिवार संख्या ४ जना, वडा नं. ८ को परिवार संख्या १६ जना र वडा नं. ११ को परिवार संख्या १६ जनालाई जनही रु.१५००। विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

कार्यक्रमको लागि कोहलपुर नगरपालिका मूख्य प्रस्तावकका रुपमा रही अगुवाई गर्ने, सह प्रस्तावकका रुपमा उत्पादकका तर्फबाट सामाजिक उद्यमी, जिल्ला सहकारी संघ बाँके रहने र मासु व्यवसायीहरु तथा मासु संग सम्बन्धीत अन्य व्यवसायीहरु समेतलाई सहभागी गराउने गरी मूख्य प्रस्तावक कोहलपुर नगरपालिकाले प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निमित प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल